प्रधानमन्त्री

काठमाडौं, नेपाल

# गोरखा भूकम्प स्मृतिका सन्दर्भमा सन्देश

वि.सं. २०७२ वैशाख १२ गते गएको विनासकारी भूकम्पमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै मृतकका आफन्तहरूप्रति गहिरो समवेदना प्रकट गर्दछु । भूकम्पका कारण घाइते एवं अंगभंग हुनुभएका सम्पूर्ण नागरिकको स्वास्थ्य लाभसहित दीर्घायुको कामना गर्दछु । भूकम्पपछिको उद्दार, राहत र पुनर्स्थापनामा आर्थिक, भौतिक सहयोग गर्नुहुने र सद्भाव व्यक्त गर्नुहुने सबैप्रति हृदयदेखि सम्मान व्यक्त गर्दछु ।

भूकम्पपछि २०७३ सालमा गठित मेरो नेतृत्वको सरकारको पालामा राष्ट्रिय महत्वका पूर्वाधारहरू एवं साँस्कृतिक सम्पदाहरूको पुनर्निर्माण, निजी घरहरूको निर्माणमा उल्लेख्य प्रगति हासिल भएको थियो । त्यस अवधिमा निजी आवास पुनर्निर्माणका निम्ति प्रति घरपरिवार रू. १ लाख अनुदान रकम थप गर्ने लगायत जनतालाई राहत दिने महत्वपूर्ण निर्णयहरू गरिएको थियो ।

२०७२ को भूकम्पपछिको पुनर्निर्माणका मूलभूत कामहरू सम्पन्न भइसके पनि अझै केही कामहरू बाँकी नै छ । यस अवधिमा बाँकी रहेका कामहरू सम्पन्न गर्ने कुरा सरकारको प्राथमिकतामा राखेको छु । सरकारको प्राथमिकतामा सदाझैं सम्पूर्ण नेपालीहरूको साथ र सहयोग रहने विश्वास व्यक्त गर्दछु ।

अझ राम्रो र अझ बलियो अवधारणाअनुसार गरिएको भूकम्पपश्चातको पुनर्निर्माणका क्रममा नेपालले प्राप्त गरेको ज्ञान र अनुभवलाई आगामी दिनमा सबै खालका विपद्पश्चातको पुनर्निर्माण तथा पुनर्स्थापनामा लागू गरिनेछ । भवन संहिताको पूर्ण पालना गर्दै भूकम्प प्रतिरोधी संरचनाहरूको निर्माण, खुल्ला क्षेत्रहरूको व्यवस्था, सबै नेपालीलाई पूर्वसूचना प्रणालीको सुनिश्चितता गर्दै सुरक्षित बनाउनु हामी सबैको दायित्व बनेको छ । यस अवसरमा सबै खालका विपद् जोखिमलाई न्यूनीकरण गर्दै विपद् उत्थानशील नेपाल निर्माणको अभियानमा जुट्न जिम्मेवार सबै निकायलाई अपील गर्दछु ।

२०८० वैशाख १२

पुष्पकमल दाहाल "प्रचण्ड"